Om Megashree
-PHARMACEUTICALS-
your health, our concern

Regd.No.293717/78/079
OM MEGASHREE PHARMACEUTICALS LIMITED
Corporate Office: Thapagau, Kathmandu Metropolitan City-10
Kathmandu Nepal, Phone No.: +977-01-5244310
Factory: Jugedi, Bharatpur Metropolitan City-29, Chitwan, Nepal

Om Megashree
-PHARMACEUTICALS-
your health, our concern

'स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प'

# ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको दसौँ वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)

## आ.व. २०८१/०८२

Kathmandu, Nepal ★ Om Megashree ... s Limited

मिति २०८२ पुस ३० गते बुधबार

स्थान – अल्फा हाउस ब्याङ्क्वेट, अल्फाबेटा कम्प्लेक्स, बानेश्वर-काठमाडौँ

# ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको
# दसौँ वार्षिक साधारण सभाको
# निर्णय पुस्तिका (माइन्यूट)

**१. वैधानिक सभा :**

ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड (लि.नं. २९३७१७) को सञ्चालक समितिको मिति २०८२ साल पुस ८ गते मङ्गलबार बेलुकी ५:०० बजे बसेको बैठकको निर्णयानुसार बोलाइएको कम्पनीको दसौँ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सु-सम्पन्न भयो।

**२. सभाको मिति, स्थान र समय :**

**मिति :** २०८२ साल पुस ३० गते बुधबार (तद्अनुसार १४ जनवरी २०२६)

**समय :** बिहान ९:०० बजे।

**स्थान :** अल्फा हाउस ब्याङ्क्वेट, अल्फाबेटा कम्प्लेक्स, बानेश्वर-काठमाडौँ।

**३. सभाको सूचना :**

**३.१** यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ साल पुस ०८ गते मङ्गलबार बसेको बैठकको निर्णयानुसार मिति २०८२ साल पुस ३० गते बुधबार दसौँ वार्षिक साधारण सभा बोलाउने निर्णय भई कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावली नियम १८ (३) बमोजिमको पहिलो पटक सूचना मिति २०८२ साल पुस १० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा र दोस्रो पटक मिति २०८२ साल पुस १७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो।

**३.२** उल्लेखित साधारण सभाको सूचनाको सन्दर्भमा आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणसहितको वार्षिक प्रतिवेदन शेयर धनी महानुभावहरूले कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.-१०, नयाँबानेश्वर, काठमाडौँबाट प्राप्त गर्न सकिने छ भनी सूचना प्रकाशित गरिएको थियो।

**३.३** कम्पनीले शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागि उपर्युक्तबमोजिमको वार्षिक प्रतिवेदन तथा प्रकाशित सूचनासमेत कम्पनीको वेबसाइट **https://ommegashreepharmaceuticals.com/** मा समेत अपलोड गरी शेयरधनी महानुभावहरूलाई साधारण सभासम्बन्धी जानकारी गराइएको थियो।

**४. गणपूरक सङ्ख्या**

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम १९ (३) मा भएको व्यवस्थाअनुसार कम्पनीको बाँडफाँट भएको कुल शेयर सङ्ख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये कम्तीमा ३ जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थिति नभई सभाको काम कारबाही हुने छैन भन्ने उल्लेख गरिएकोमा; सभामा जम्मा ६० लाख कित्ता शेयरमध्ये प्रमोटर तथा सर्वसाधारण शेयरधनी स्वयम् तथा प्रोक्सीद्वारा ३४ लाख ४६ हजार ४ सय कित्ता शेयर अर्थात् ५७.४४ प्रतिशत

शेयर सङ्ख्याको प्रतिनिधित्व भएको हुँदा गणपूरक सङ्ख्या पुगेकाले कानुनबमोजिम सभाले वैधानिकता पाएको बेहोरा सभामा जानकारी गराइयो ।

**५. आसन ग्रहण :**

४.१ सभामा भाग लिन उपस्थित हुनुभएको कम्पनीका सञ्चालक अध्यक्ष श्री अर्जुन कुमार श्रेष्ठ, सञ्चालकहरू क्रमशः श्री जेनी थापा मगर, श्री चिराग अग्रवाल र श्री रुबिना श्रेष्ठ आसन ग्रहण गर्नुभयो ।

४.२ यसैगरी अतिथिका रूपमा कम्पनीका कानुनी सल्लाहकार अधिवक्ता ध्रुवराज शर्मा, आर्थिक सल्लाहकार सिए श्री सन्तमान महर्जन, शेयर रजिष्ट्रर कम्पनी प्रभु क्यापिटलका चिफ बिजनेस अफिसर श्री वासु थपलिया, श्री कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनिधि श्री दिवस राईलगायतका व्यक्तिले आसन ग्रहण गर्नुभयो ।

४.३ शेयरधनीहरू महानुभावहरूलाई यथास्थानमा आसन ग्रहणका लागि अनुरोध गरिएको थियो ।

**६. सभाको सभापतित्व :**

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ३७ (५) बमोजिम कम्पनीका सञ्चालक अध्यक्ष श्री अर्जुन कुमार श्रेष्ठज्यूले साधारण सभाको सभापतित्व गर्नु भई सभाको कार्यक्रम अगाडि बढाउन सभा कम्पनी सचिव जानकी किरण श्रेष्ठलाई अनुमति प्रदान गर्नुभयो ।

**७. उपस्थिति :**

**(अ)सञ्चालकहरूको उपस्थिति**

सञ्चालक अध्यक्ष, श्री अर्जुन कुमार श्रेष्ठ

सञ्चालक, श्री जेनी थापा मगर

सञ्चालक (सर्वसाधारण समूह), श्री चिराग अग्रवाल

सञ्चालक (सर्वसाधारण समूह), श्री रुबिना श्रेष्ठ

**(आ) उपस्थित शेयरधनीहरूको शेयर सङ्ख्या**

| कुल चुक्ता शेयर सङ्ख्या | स्वयम् तथा प्रोक्सीमार्फत उपस्थित जम्मा कित्ता | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|
| ६०,००,००० कित्ता | ३४,४६,४०० कित्ता | ५७.४४ |

**८. राष्ट्रिय गान, स्वागत मन्तव्य तथा सभा उद्घाटन :**

८.१ मञ्चासिन सभाध्यक्षज्यू, सञ्चालकज्यूहरू, अतिथिगण, शेयरधनी महानुभावहरू तथा उपस्थित सम्पूर्णमा राष्ट्रिय गानमा सरिक हुन आह्वान गरियो ।

८.२ मञ्चासिन तथा मञ्चाभिमुख सम्पूर्ण महानुभावहरूमा कम्पनीका तर्फबाट कम्पनीका विजनेस डाइरेक्टर श्री प्रगति पौडेलज्यूबाट स्वागत मन्तव्य गर्नुभयो ।

८.३ कार्यक्रमका सभाध्यक्ष एवम् कम्पनीका सञ्चालक अध्यक्ष श्री अर्जुन कुमार श्रेष्ठज्यूबाट पानसमा दीप प्रज्वलन गरी दसौँ वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो ।

Om Megashree Pharmaceuticals Kathmandu, N

**९. सभामा छलफल गरिने प्रस्तावहरूको सूची प्रस्तुत :**

सभा कम्पनी सचिव जानकी किरण श्रेष्ठबाट पूर्व निर्धारित सूचनाअनुसार सभामा छलफलका लागि पेस भएका निम्न प्रस्तावहरू सभाध्यक्षको अनुमतिसँगै वाचन गर्नुभयो।

**साधारण प्रस्तावहरू:**

१. वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।

२. लेखा परीक्षकको प्रतिवेदनसहित कम्पनीको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीसहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८२/०८३ का लागि बाह्य लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

४. विविध।

**१०. अध्यक्षज्यूको तर्फबाट वार्षिक प्रतिवेदनको प्रस्तुति :**

साधारण सभाको सभापतित्व गर्नुहुने सञ्चालक अध्यक्ष श्री अर्जुन कुमार श्रेष्ठज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आफ्नो मन्तव्य र साधारण सभा बोलाउनुको आधार एवम् कारण प्रस्तुत गर्दै सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन वाचन गरी सभासमक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात् सभापतिज्यूले वार्षिक प्रतिवेदन उपर आफ्नो मन्तव्य, जिज्ञासा र सुझाव भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो।

**११. छलफलमा सहभागी शेयरधनी महानुभावहरूको टिप्पणी, जिज्ञासा र सुझावहरू :**

सभाका सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएपश्चात् आ.व. २०८१।०८२ वार्षिक प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरण, वासलात, नाफा–नोक्सान हिसाब तथा सञ्चालनगत प्रगतिको विस्तृत विवरण र सोसँग सम्बन्धित अनुसूचीहरू उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा र सुझाव भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभएकोमा एक मात्र उपस्थित शेयरधनी महानुभावबाट टिप्पणी भएकाले सोही टिप्पणी यहाँ प्रस्तुत गरिएको छ :

**शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठ**

शेयरधनीको तर्फबाट दसौँ वार्षिक साधारण सभामा आई आफ्ना कुरा राख्न पाउँदा आफूलाई खुसी लागेको बताउनुहुँदै शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठले औषधी उत्पादनमा पवित्र एवम् महान् उद्देश्यका साथ स्थापित भई अगाडि बढिरहेको ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडले यसका लगानीकर्ताहरूको विश्वास, भरोसा एवम् लगानी प्रतिफलको अपेक्षालाई सम्बोधन गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दै ओम मेगाश्री फर्मास्युटिकल्सका लगानीकर्ताले औषधी सेवन गर्न पर्ने अवस्था सिर्जना हुँदा आफ्नै लगानी रहेको कम्पनीको औषधी सेवन गर्न आह्वान गर्नुभयो। श्रेष्ठले मान्छेका लागि अत्यावश्यक पर्ने औषधी क्षेत्रको लगानीले उचित वातावरण पाएमा यसले राम्रोसँग गति लिने सन्दर्भ उल्लेख गर्दै छोटो

Om Megashree Pharmaceuticals Limited
Kathmandu

समयमा राम्रो छवि बनाउन सफल ओम मेगाश्रीले आगामी दिनमा उच्च स्थान बनाउनेमा आफू ढुक्क रहेको विश्वाससमेत व्यक्त गर्नुभयो ।

**१२. शेयरधनीहरूको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझावहरूको विषयमा अध्यक्षको जवाफ :**

सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावबाट प्राप्त जिज्ञासा, महत्त्वपूर्ण राय, प्रतिक्रिया तथा सुझावका लागि हार्दिक धन्यवाद दिँदै रचनात्मक सुझावले कम्पनीलाई अगाडि बढाउन मार्ग दर्शन प्राप्त भएको, हौसला प्रदान गरेको भन्दै आगामी दिनहरूमा पनि यस किसिमको सहयोग रहिरहने विश्वास व्यक्त गर्दै सोका निम्ति शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद प्रदान गर्नुभयो ।

**१३. सभाबाट भएका निर्णयहरू :**

प्रस्तुत प्रस्ताव उपर शेयरधनीबाट प्राप्त सुझाव तथा जिज्ञासाहरूको सम्बोधन भइसकेको हुँदा सभा सञ्चालक कम्पनी सचिव जानकी किरण श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका विषयहरू पारित गर्नका लागि सभासमक्ष पेस गर्नुभएकोमा देहायबमोजिम प्रस्तावहरू पारित गरियो

**साधारण प्रस्तावमा भएका निर्णय :**

**निर्णय नं.** १ – प्रस्तुत साधारण प्रस्ताव नं. १ को सम्बन्धमा कम्पनीको सञ्चालक अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन निर्णयार्थ सभामा प्रस्तुत भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं.** २ – प्रस्तुत साधारण प्रस्ताव नं. २ को सम्बन्धमा लेखा परीक्षकको प्रतिवेदनसहित कम्पनीको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरूसहितको वित्तीय विवरण सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं.** ३ – प्रस्तुत साधारण प्रस्ताव नं. ३ को सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८२/०८३ का लागि बाह्य लेखापरीक्षकका रूपमा श्री भरत एन. एसोसियट्सका सि.ए. श्री भरत नेपाललाई नियुक्त गर्ने र निजको पारिश्रमिक करबाहेक रु. ३,००,०००।– (अक्षरेपि तीन लाख मात्र) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं.** ४ – विविध विषयमा कुनै प्रस्ताव नआएकाले कुनै निर्णय गरिएन ।

**१४. धन्यवाद ज्ञापन :**

सभाका सभापति एवम् कम्पनीका अध्यक्ष श्री अर्जुन कुमार श्रेष्ठले शेयरधनी महानुभावले कम्पनीको काम कारबाहीप्रति देखाउनुभएको चासो एवम् व्यक्त गर्नुभएको रचनात्मक सुझाव तथा मार्ग निर्देशनले कम्पनीको बृहत्तर विकासमा महत्त्वपूर्ण टेवा पुग्ने बताउँदै सोको कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कम्पनीको दसौँ वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, प्रतिनिधिज्यू, अतिथिज्यूलगायत सबैमा साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनुभएकोमा विशेष आभार व्यक्त गर्नुभयो । यसैगरी नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, औषधी व्यवस्था विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, प्रभु क्यापिटल, कम्पनीका कानुनी सल्लाहकारज्यू, प्रभु बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क तथा अन्य बैङ्क-वित्तीय संस्थाबाट पाल्नुभएका अतिथिज्यू, पत्रकार

Om Megashree Pharmaceuticals Limited
Kathmandu Nepal

मित्रहरू, कम्पनीका कर्मचारी एवम् व्यवस्थापकीय समूहमा रही कार्य गर्नुहुने कर्मचारीलगायत उपस्थित सम्पूर्णमा दसौँ वार्षिक साधारण सभा भव्य एवम् सभ्य बनाउन खेल्नुभएको रचनात्मक भूमिकाप्रति धन्यवाद ज्ञापन गर्नुभयो।

**१५. सभा समापन :**

कार्यक्रमको अन्त्यमा सभाका सभापति, सञ्चालक अध्यक्ष श्री अर्जुन कुमार श्रेष्ठज्यूले छलफल गर्नुपर्ने अन्य कुनै विषय बाँकी नरहेको हुनाले कम्पनीको दसौँ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो।

..............................
**श्री जानकी किरण श्रेष्ठ**
**कम्पनी सचिव**

Om Megashree Pharmaceuticals Limited ★ Kathmandu, Nepal ★

..............................
**श्री अर्जुन कुमार श्रेष्ठ**
**सञ्चालक अध्यक्ष**

मिति – २०८२ पुस ३० गते बुधबार